प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

(प्रशासन तथा योजना महाशाखा)

प.सं. ०८०/०८१

च.नं.

मिति :-२०८०/१२/०५

## घरभाडा लिने सम्बन्धी सूचना

### सूचना प्रकाशित मितिः-२०८०/१२/०५

यस आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरका महाशाखा प्रमुखलाई आवास प्रयोजनका लागि घरभाडामा लिन आवश्यक भएकाले देहाय विवरण अनुसारको घर र अन्य कुराहरूको अधिनमा रहि घरभाडामा दिन इच्छुक घरधनीहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा वा मन्त्रालयको वेबसाइट (https://moial.koshi.gov.np) मा आवश्यक कागजात सहित निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१. सार्वजनिक निकायको नाम र ठेगानाः- आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश , विराटनगर।

२. घरजग्गा आवश्यक भएको क्षेत्र वा स्थानः- विराटनगर महानगरपालिकाको नगर प्रवेशद्वार भन्दा दक्षिण कोशी प्रोजेक्टभन्दा उत्तर धरान- विराटनगर राजमार्गको पायक पर्ने स्थान।

३. भाडामा लिन खोजेको घरजग्गाको प्रकृति क्षेत्रफल र अन्य आवश्यक विवरण : - आरसीसी ढलान घर कम्तीमा २ कोठा र १ बैठक कक्ष सहित न्यूनतम १ वटा शौचालय, खानेपानी तथा विद्युतको सुविधा, न्यूनतम १ वटा गाडी तथा १ वटा मोटरसाइकल पार्किङ हुने गरी कम्पाउन्ड वाल तथा गेटको व्यवस्था भएको घर ।

४. घरभाडा निर्धारण सम्बन्धी व्यवस्थाः घरभाडा निर्धारण समितिले निर्धारण गरेको दररेटमा मात्र घरजग्गा भाडामा लिइने।

५. प्रस्ताव साथ आवश्यक कागजातहरूः- प्रस्ताव साथ जग्गाधनी प्रमाण पत्र पुर्जाको प्रतिलिपि, घरनक्सा सम्पन्न प्रमाणपत्रको प्रतिलिपि तथा हालसम्मको राजस्व तिरेको रसिद।

६. प्रस्ताव पेश गर्नुपर्ने स्थान र अन्तिम मितिः- आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश , विराटनगर र अन्तिम मितिः २०८०/१२/२०

७. घरभाडा भुक्तानीको शर्त र कर कट्टीः- घरभाडा मासिक रूपमा भुक्तानी गरिने र नियमानुसार करकट्टी हुने।